Australian Government
Department of Social Services

# एलजीबीटीआईक्यू (LGBTIQ) समुदायभित्र घरेलु तथा पारिवारिक हिंसा

## अष्ट्रेलियामा घरेलु तथा पारिवारिक हिंसालाई स्वीकार गरिँदैन।

समलिङ्गी महिला, समलिङ्गी पुरुष, द्वीलिङ्गी, ट्रान्सजेन्डर, इन्टरसेक्स तथा क्वियर (Lesbian, Gay, Bisexual, Transgender, Intersex and Queer (LGBTIQ)) का रूपमा पहिचान गरिएका सबै मानिसहरुको अष्ट्रेलियामा समान अधिकार हुन्छ, र सबै विभेदहरु गैरकानुनी छन्।

अष्ट्रेलियामा सबै सम्बन्धहरु कानुनअन्तर्गत समान हुन्छन्। यसको अर्थ हो, एउटै लिङ्गको जोडीहरू सहित सबै जोडीहरूको सम्बन्धमा रहने वा विवाह गर्ने अधिकार रहन्छ।

सबैजनाको उनीहरुको परिवार, साथी तथा प्रेमीहरुसँग सकारात्मक अनुभव गर्ने तथा सुरक्षित सम्बन्धमा रहने अधिकार हुन्छ।

घरेलु तथा पारिवारिक हिंसा कानुनविरोधी अपराधहरू हुन्। त्यस्ता अपराध गर्ने व्यक्ति जेल जान सक्छन्, चाहे ती पुरुष हुन् वा महिला।

यदि तपाईं वा तपाईंले चिनेको मान्छे खतरामा भएको थाहा छ भने प्रहरीलाई **000** मा सम्पर्क गर्नुहोस्।

अष्ट्रेलियामा प्रहरीले सुरक्षा गर्छ र भरोसा गर्न सकिन्छ।

निःशुल्क, गोप्य परामर्श तथा जानकारीका लागि **1800 737 732** मा 1800RESPECT लाई फोन गर्नुहोस्।

यदि तपाईंलाई निःशुल्क दोभाषेको आवश्यकता छ भने, **131 450** मा फोन गर्नुहोस्।

## अष्ट्रेलियन सरकार (Australian Government) ले घरेलु तथा पारिवारिक हिंसालाई कुनै पनि हालतमा सहँदैन।

पार्टनर अर्थात जोडीलाई उनीहरुको सुरक्षाको धम्की वा डर देखाएर उनीहरुलाई नियन्त्रण गर्ने उद्देश्यले गरिने व्यवहार वा धम्की घरेलु तथा पारिवारिक हिंसामा पर्छन्। घरेलु तथा पारिवारिक हिंसामा निम्न कुरा पर्छन्:

- पिट्ने;
- घाँटी निमोठ्ने;
- पार्टनर वा परिवारलाई अति आवश्यक रकम दिन नमान्ने;
- साथी तथा परिवारबाट जोडीलाई अलग्याउने;
- पार्टनरलाई अपमान वा आलोचना गर्ने; वा
- बालबालिका वा घरपालुवा जनावरलाई धम्क्याउने।

LGBTIQ सम्बन्धहरुमा घरेलु तथा पारिवारिक हिंसामा निम्न कुराहरू पनि पर्छन्:

- पार्टनरको इन्टरसेक्स स्थिति, लैङ्गिकता, लिङ्ग, लैङ्गिक अभिव्यक्ति, ट्रान्सजेन्डर वा एचआईभी (HIV) स्थिति उनीहरुकाविरुद्ध प्रयोग गर्ने धम्की दिने;
- पार्टनरको लैंगिकता बारे उनीहरुको परिवार, साथी, समुदाय वा कार्यस्थलमा खुलासा गरिदिने धम्की दिने;

- पार्टनरको औषधि वा लैङ्गिक संक्रमणसँग सम्बन्धित स्वास्थ्य सेवामा पहुँचमा नियन्त्रण गर्ने; वा
- पार्टनरलाई यौन वा लैङ्गिक नियम पालना गराउन दबाब दिने।

## अष्ट्रेलियामा मद्दत गर्न सक्ने सहायता सेवाहरु छन्।

ACON ले LGBTIQ मानिसहरुलाई प्रभाव पार्ने पारिवारिक तथा घरेलु हिंसा तथा स्वास्थ्य समस्याहरुबारे निःशुल्क जानकारी उपलब्ध गराउँछ। समावेशी LGBTIQ सहायता सेवाको निर्देशिकाका लागि **ACON को वेबसाइट www.acon.org.au** मा जानुहोस्।

**1800RESPECT** अष्ट्रेलियाको राष्ट्रिय लैंगिक हिंसा, परिवार तथा घरेलु हिंसाको परामर्श सेवा हो। यसले निःशुल्क, गोप्य टेलिफोन तथा अनलाइन परामर्श तथा जानकारी प्रदान गर्छ। परामर्शदाताहरूले तपाईंका कुराहरू सुन्नेछन्, प्रश्नहरूका उत्तर दिनेछन् र तपाईंको स्थानीय क्षेत्रमा रहेका अन्य सहायता सेवाहरूमा सिफारिश गर्नेछन्।

**1800 737 732** मा फोन गर्नुहोस् वा **1800RESPECT को वेबसाइटको www.1800RESPECT.org.au** मा गएर LGBTIQ **सँग सम्बन्धित जानकारी खण्डमा** जानुहोस्।

## तपाईंलाई दोभाषे चाहिन्छ?

अनुवाद तथा दोभाषे सेवा (**Translating and Interpreting Service** (TIS)) लाई **131 450** मा फोन गर्नुहोस्। TIS को कुनै दोभाषेले अन्य सेवाहरूसँग कुरा गर्न तपाईंलाई मद्दत गर्न सक्छन्, तथापि TIS ले परामर्श प्रदान गर्दैन। सबै फोन कलहरू निःशुल्क तथा गोप्य हुन्छन्।